चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा सञ्चालन कार्यविधि, २०७७

(दोस्रो संशोधन २०७८)

कार्यकारी समितिबाट स्वीकृत मितिः २०७८/०८/२८

चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा सञ्चालन कार्यविधि, २०७७ मा समयानुकुल संशोधन गर्न उचित देखिएकाले कार्यकारी समितिले चिकित्सा शिक्षा आयोगको मिति २०७७/०४/ ३० को निर्णयको अधिनमा रही देहायका दफाहरु संशोधन गरेको छ ।

(१) सङ्क्षिप्त नाम र प्रारम्भः ( १)यो कार्यविधिको नाम चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा सञ्चालन कार्यविधि( दोस्रो संशोधन), २०७८ रहेकोछ ।

( २) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(२) एकीकृत प्रवेश परीक्षा सञ्चालन कार्यविधि, २०७७ (पहिलो संशोधन सहित) को दफा ५ को उपदफा (१) र (२) को सट्टा देहाय बमोजिम संशोधन गरिएको छ ।

(१) एकीकृत प्रवेश परीक्षाको नतिजाको योग्यताक्रममा समावेश हुनका लागि न्यूनतम ५० औं पर्सेन्टाइल वा सोभन्दा माथि रहेको हुनुपर्नेछ ।

(२) प्रत्येक सही उत्तरका लागि एक अङ्क प्राप्त हुने छ र प्रत्येक गलत उत्तरका लागि ०.२५ अङ्कका दरले घटाइनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपलब्ध सिट सङ्ख्याको दोब्बरभन्दा कम परीक्षार्थी हुने अवस्थामा उक्त शैक्षिक कार्यक्रमका लागि ५० प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई योग्यताक्रममा सामेल गर्न बाधा पर्ने छैन ।